नेपाल सरकार

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य.२०८०/८१ स.।शै.शा

च.नं. 208

मिति:२०८०/०८/०१

## संस्थागत साझेदारीमा ब्रेल पाठ्यपुस्तक छपाइ एवम् विवरणका लागि अनुदान दिने सम्बन्धमा इच्छुक संस्थालाई सूचीकृत हुने सम्बन्धी सूचना

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सबै दृष्टिविहीन विद्यार्थीहरुका लागि निःशुल्क रूपमा ब्रेल पाठ्यपुस्तक वितरण गर्ने सन्दर्भमा प्रस्तावनाका आधारमा दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल पाठ्यपुस्तक छपाइ एवम् वितरणका लागि संस्थालाई अनुदान शीर्षकमा कार्यक्रम रहेकोले साझेदारीमा ब्रेल पाठ्यपुस्तक छपाइ एवम् वितरण गर्न इच्छुक संघ/संस्था/निकायले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, आन्तरिक प्रशासन शाखामा आइपुग्ने गरी देहाय बमोजिम कागजात सहित सूचीकृत हुन यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगेको र म्यादभित्र नआएका कागजात उपर कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिलः**

**संलग्न गर्नुपर्ने कागजातहरू**

१. संस्था दर्ताको प्रमाणपत्र,

२. स्थायी लेखा नम्बर (आयकर दर्ता) नविकरण कर नलाग्ने गरी स्थापित संस्था भएमा सो को व्यहोरा पुष्टि गर्ने प्रमाण र कर लाग्ने संस्था भए आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्र,

३. कम्तीमा ३ वर्ष ब्रेल पाठ्यपुस्तक उत्पादन एवम् वितरणको अनुभवको प्रमाण,

४. ब्रेल पाठ्यपुस्तक उत्पादनका लागि कार्यरत जनशक्ति विवरण,

५. ब्रेल पाठ्यपुस्तक छपाइ एवम् उत्पादन ब्रेलो (ब्रेल छापाखाना) को व्यवस्था (संख्यासहित) एवम् उत्पादन क्षमता

६. कार्य सम्पादन गर्ने विधि प्रकृया र पद्धतिका विषयमा संस्थाको अवधारणापत्र (Concept Note) कम्तिमा २ पृष्ठको संलग्न हुनुपर्ने ।